बागमती प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या:
चलानी नम्बर:

# अत्यन्त जरुरी सूचना

## भारी वर्षाको सम्भावना रहेकाले उच्च सतर्कता अपनाउन अनुरोध

नेपाल मौसम विज्ञान विभागद्वारा मिति २०८३ असोज ५ गते जारी विशेष मौसमी बुलेटिनअनुसार **असोज ९ गते शुक्रबारदेखि ११ गते आइतबारसम्म** बागमती प्रदेशका विभिन्न स्थानमा **मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षाको** सम्भावना रहेको छ।

उक्त अवधिमा भारी वर्षाका कारण नदी तथा खोलामा पानीको बहाव बढ्ने, आकस्मिक बाढी, पहिरो, गेग्रान बहाव तथा डुबान हुन सक्ने र सडक तथा हवाई यातायातसमेत प्रभावित हुन सक्ने जोखिम रहेको छ। तसर्थ, जोखिमयुक्त क्षेत्रका बासिन्दा तथा आमनागरिकलाई देहायबमोजिम उच्च सतर्कता अपनाउन अनुरोध गरिन्छ:

- नदी तथा खोला किनार, पहिरोको जोखिम भएका भूभाग, भिरालो जमिन तथा डुबान हुन सक्ने क्षेत्रमा विशेष सावधानी अपनाउने।
- जोखिमको सङ्केत देखिएमा समयमै नजिकको सुरक्षित स्थानमा जाने र स्थानीय तह तथा सुरक्षा निकायसँग समन्वय गर्ने।
- अति आवश्यक अवस्थामा बाहेक लामो दूरी तथा रातिको समयमा यात्रा नगर्ने। यात्रा गर्नुअघि सडक तथा मौसमको अवस्थाबारे जानकारी लिने।
- बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा बिरामी व्यक्तिको सुरक्षामा विशेष ध्यान दिने।
- पशुचौपाया, खाद्यान्न, औषधि, महत्वपूर्ण कागजात तथा अन्य आवश्यक सामग्री सुरक्षित स्थानमा राख्ने।
- नेपाल मौसम विज्ञान विभाग, सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सुरक्षा निकायबाट जारी हुने आधिकारिक पूर्वानुमान, पूर्वसूचना र चेतावनीबारे नियमित जानकारी लिने तथा निर्देशनको पालना गर्ने।

प्रदेश सरकारका सम्बन्धित निकाय, स्थानीय तह, सुरक्षा निकाय, स्वयंसेवक तथा अन्य सरोकारवाला सबैलाई आवश्यक पूर्वतयारीसहित सतर्क अवस्थामा रहन र जोखिममा रहेका नागरिकलाई समयमै सुरक्षित स्थानमा स्थानान्तरण गर्न अनुरोध गरिन्छ।

- वर्षा तथा बाढीको जानकारीका लागि: ११५५
- विपद् सहायता: १२३४
- नेपाल प्रहरी: १००
- सशस्त्र प्रहरी बल, नेपाल: ११९४
- मन्त्रालयगत विपद सम्पर्क व्यक्ति सम्पर्क नं. ९७६९७६१२१४

**अफवाहमा विश्वास नगरौं, आधिकारिक सूचनालाई आधार मानौं।**
**आफू पनि सुरक्षित रहौं, अरूलाई पनि सुरक्षित राखौं।**

मिति: २०८३ असोज ६

फोन नं.: ०५७-५२७५११, ५२७५१२, ५२७५१३, इमेल: moial@bagamati.gov.np, mocpa@bagamati.gov.np
वेभ साईट: moial.bagamati.gov.np, mocpa.bagamati.gov.np